ओपन माईक नेपाल बुलेटिनको सत्ताइसौँ अङ्कमा स्वागत छ। 'ओपन माईक' भूकम्प प्रभावित जिल्लामा चलेका हल्लाहरु तथा अन्योलपूर्ण सवाललाई एक ठाउँमा ल्याई त्यसभित्रको यथार्थ पत्ता लगाएर मानवीय सहयोगका काम गरिरहेका संघसंस्थाहरु, सञ्चार माध्यम र स्थानीय समूदायलाई सहि सूचना पुऱ्याउनमा केन्द्रित छ। हल्ला फैलिएर क्षति हुन नपाउँदै हल्ला र यथार्थ छुट्याएर सञ्चार माध्यमहरु र भूकम्प पिडितको हितमा काम गर्ने संघसंस्थाहरुलाई उपलब्ध गराउनु र उनीहरु मार्फत समूदायमा रहेका अस्पष्टता हटाउनु हाम्रो ध्येय हो।

## सवाल



### अश्राङ, गोरखा

"घर बनाउँदा मापदण्ड अनुगमन गर्न आउने प्राविधिकलाई दैनिक भत्ता घर बनाउनेले दिनु पर्ने रे भन्ने हल्ला छ।"

### सिंगटी, दोलखा

"तालिम प्राप्त सिकर्मी र डकर्मीले बनाएको घरलाई मात्र पैसा दिन्छ भन्ने हल्ला सुनेका छौँ।"

## जवाफ

आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधि अनुसार घरधनीले तालिमप्राप्त डकर्मीबाट घर बनाउनुपर्छ।

भवन डिभिजन कार्यालयले जिल्लामा दिइने डकर्मी तालिमको समन्वय गर्दैछ। साथै, उक्त कार्यालयले घरधनीले मापदण्ड अनुसार घर निर्माण गरेको छ भनेर निरिक्षण गरी थप किस्ताको लागि सिफारिश गर्नेछ। पुनर्निर्माण अनुदान तीन किस्ता गरेर दिइनेछ।

घरधनीले अनुगमनको लागि आउने प्राविधिक टोलीलाई दैनिक भत्ता दिनु पर्दैन।

भूकम्प प्रविधि राष्ट्रिय समाज नेपाल र प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् जस्ता संघसंस्थाहरुले भूकम्प प्रभावित जिल्लामा डकर्मीको तालिम दिइरहेका छन्। तालिममा यसअघि डकर्मीको काम गरेका व्यक्तिलाई प्राथमिकता दिइनेछ।

अन्य संस्थाहरुले पनि आफ्नो पुनर्निर्माण कार्यक्रम अन्तर्गत डकर्मी तालिम राखेका छन्।

यदि कसैलाई तालिम लिन इच्छा छ वा तालिम प्राप्त डकर्मीको आवश्यकता छ भने भवन डिभिजन कार्यालय वा गाविसहरुमा सम्पर्क गर्न सकिन्छ।

**विजय कृष्ण उपाध्याय**
इन्जिनियर
भूकम्प प्रविधि राष्ट्रिय समाज नेपाल
०१-५५९१००० (ext: २०४)

**कमल श्रेष्ठ**
इन्जिनियर
भवन डिभिजन कार्यालय,गोरखा
९८४६०५६३२७

# हल्ला



## गोरखा बजार, गोरखा

“फेरि पनि ठूलो भूकम्प आउँछ भन्ने हल्लाले पिडितहरु त्रसित भएका छन् ।”

## चरिकोट, दोलखा

“अब केहि दिनमा नै ठूलो भूकम्प जान्छ भनेर बैज्ञानिकहरुले भनेका छन् रे । कहिले आउने हो ।”

## भैँसे, मकवानपुर

“फेरि ठूलो भूकम्प आउँछ रे भन्ने हल्ला छ ।”

## जैसीथोक, काभ्रेपलाञ्चोक

“फेरी भूकम्प आउछ भन्ने चर्को हल्ला छ ।”

# यथार्थ

गत वैशाखमा गएको भूकम्पको बारेमा अध्ययन गरिरहेका वैज्ञानिकहरूले एक हप्ता अघि ‘नेचर भूविज्ञान’ पत्रिकामा रिपोर्ट प्रकाशित गरेका थिए ।

सो अध्ययन अनुसार वैशाखको भूकम्पमा फल्ट सतहसम्म नभइ ११ किमि मुनिसम्म मात्रै चिरिएको छ । यसको अर्थ दशकौँ देखि सञ्चित सबै उर्जा गत वैशाखमा बाहिर निस्किएन । वैज्ञानिकले केहि वर्ष वा दशक भित्र नेपालमा अर्को ठूलो भूकम्प जान सक्छ भनेका छन् ।

तर यसको अर्थ, भूकम्पको पूर्वानुमान गर्न सकिन्छ भन्ने होइन । कसैले पनि अर्को भूकम्प कहिले, कहाँ, कसरी जान्छ भनेर तोकेर पूर्वानुमान गर्न सक्दैनन् ।

भूकम्पले ज्यान लिँदैन । भूकम्पले हल्लाउने क्रममा कमजोर संरचनाहरू भत्कदाँ ज्यान जान सक्छ । तसर्थ, घर बनाउँदा घरधनिले भवन संहिताको पालना गरी बनाउनु पर्दछ । कमजोर तथा क्षति पुगेका संरचनाहरू भत्काउनु पर्दछ र भग्नावशेष हटाउनु पर्दछ ।

भूकम्पको समयमा यदि तपाईँ घरभित्र हुनुहुन्छ भने आफ्नो टाउकोको सुरक्षा गर्नु पर्दछ । दराज, झ्याल तथा आफूमाथि खस्न सक्ने सरसमानहरूबाट टाढा रहनुहोस । कम्पनको बेलामा तल वा बाहिर तर्फ नभागी कम्पन कम भए पछि बाहिर खुल्ला स्थानमा निस्कनु पर्दछ । खम्बा, भवन, विधुत लाईन, रुख वा अन्य खसेर थिच्न सक्ने वस्तुहरुबाट टाढा रहनु पर्दछ । साथै पहाडी क्षेत्रमा भए, ढुंगा खस्ने, पहिरो जाने, रुख लड्ने जस्ता खतरा हुने भएकोले होस पुऱ्याउनु पर्दछ ।

**सुवेश घिमिरे**
भूगर्भविद्
त्रिभुवन विश्वविद्यालय
भूगर्भशास्त्र केन्द्रीय विभाग
९८४१५१४८१६

**रवि शाह**
उप महानिर्देशक
शहरी विकास तथा भवन निर्माण विभाग
९८५१०५६८२४

# सवाल

## धुलिखेल, काभ्रेपलाञ्चोक

“अनुदानमा पाउने भनेको दुई लाख कैलेसम्म वितरण गर्ने हो । र त्यो रकम पाउन हामीले कहाँ गएर के गर्नु पर्ने हो ?”

## हेटौडा , मकवानपुर

“सरकारले पछिल्लो समयमा ५ लाख रुपैयाँ दिन्छ भन्ने सुनेका छौ । तर सरकारले दिने भनेको उक्त राहत रकम कहिले आउने भनेर जिज्ञासा रहेको छ ।”



## भैँसे, मकवानपुर

“सरकारले घर बनाउनको लागि दिने भनको पैसा कहिले दिने हो ?”

## फुलासी, रामेछाप

“सरकारले दिने भनेको २ लाख रुपैयाँ समयमा नदिँदा घर बनाउन नसकिएको, अब फेरि सर्वे गरेर मात्र दिने भन्ने सुनेका छौ ।”

# जवाफ

भूकम्पको कारणले घर पूर्णरुपमा क्षति भएका र स्थायी आवासको अर्को विकल्प नभएका परिवारलाई सरकारले घर पुनर्निर्माणको लागि रु २ लाख वा घर निर्माण लागत मध्य जुन कम हुन्छ सो रकम अनुदान स्वरुप उपलब्ध गराउनेछ ।

घर निर्माण लागत रु २ लाख भन्दा बढि भएमा थप खर्च बेहोर्न नसक्ने परिवारले सहुलियत ब्याजदरमा बैंकबाट ऋण लिन पाउनेछन् । यस्तो ऋणको जमानी भूकम्प प्रभावित समूदायका सदस्यहरु हुनेछन् ।

घर निर्माण अनुदानका लागि योग्य परिवारको पहिचान केन्द्रीय तथ्यांक विभागले गरिरहेको सर्वेक्षणको आधारमा हुनेछ । तथ्यांक विभागले आगामी ४ महिना भित्र काठमाडौं, भक्तपूर र ललितपूर बाहेकका बाँकी ११ वटा अति प्रभावित जिल्लामा सर्वेक्षण समाप्त गर्ने अपेक्षा गरेको छ ।

घर निर्माण अनुदान कहिले देखि वितरण गर्ने भनेर अहिलेसम्म स्पष्ट भैसकेको छैन । तर पुनर्निर्माण प्राधिकरणको तात्कालिक कार्ययोजना अनुसार आगामी वैशाख १२ तिर मात्रै नीजि घर  पुनर्निर्माण थालनी हुनेछ ।

अनुदान वितरण कार्यविधि अनुसार योग्य घर परिवारहरुले स्थानीय निकाय (गाविस वा नगरपालिकाको कार्यालय) मा आवेदन दिनु पर्दछ । जिल्ला आयोजना कार्यान्वयन समितिले आवेदन स्वीकृत गरे पछि आवेदकले स्थानीय निकायमा सम्झौता पत्रमा हस्ताक्षर गर्नु पर्छ । त्यसपछि अनुदानको पहिलो किस्ता प्राप्त हुन्छ ।

रुद्र सिलवाल
उपमहानिर्देशक
केन्द्रीय तथ्यांक विभाग
९८४१२३२७७३

उमेश प्रसाद गौतम
प्राविधिक अधिकृत
राष्ट्रिय भूकम्प मापन केन्द्र
०१-४४१०१४१

# सवाल



## गोरखा बजार, गोरखा

"आफ्नो नाममा जग्गा नहुनेले मापदण्ड अनुसार घर बनाए पनि दुई लाख पाइँदैन रे भन्ने सुनिएको छ।"

## सुस्पा-क्षमावति, दोलखा

"भूकम्प र बाढी पहिरोको कारण सुस्पा-क्षमावतिको बोसिम्पाबाट विस्थापित भएर आएका छौँ। सरकारले हामीलाई कहाँ राख्ने भनेर अहिलेसम्म निर्णय गरेको छैन। सरकारले घर बनाउनको लागि पैसा त दिन्छ भनेको सुनेका छौँ तर हामीलाई पैसा दिएर कहाँ घर बनाउने भन्ने अन्यौलमा छौँ?"

# जवाफ

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले भूकम्पबाट विस्थापित भएकाहरूको पुनर्स्थापनाको व्यवस्था गर्नेछ।

केन्द्रीय तथ्यांक विभागले हाल गरिरहेको क्षतिको विस्तृत सर्वेक्षणको आधारमा पुनर्स्थापित गर्नुपर्ने परिवारको सङ्ख्या निर्धारण गरिने छ। तथ्यांक विभागले पौष १८ गते देखि भत्किएका घरहरूको क्षतिको पुनर्मुल्याङ्कन ११ जिल्लामा शुरु गरेको छ।

पुनर्निर्माण प्राधिकरणले विस्थापितहरूलाई कहाँ राख्ने भनेर अध्ययन गर्नेछ। भूकम्प पछिको पुनर्निर्माण र पुनर्स्थापना योजनाको प्रस्तावित मस्यौदा अनुसार विस्थापितको पुनर्वास सकेसम्म पहिलेको आवास स्थान नजिकै वा सोही निर्वाचन क्षेत्र भित्र वा सोही जिल्लामा गराउनुपर्छ।

घर पुनर्निर्माण अनुदान वितरण कार्यविधि अनुसार रकम प्राप्त गर्नको लागि लालपूर्जा आवश्यक हुने छैन। अनुदानको लागि निवेदन दिँदा नागरिकता, मतदाता परिचय पत्र, लालपूर्जा र भूकम्प पिडित परिचय पत्र मध्ये कुनै एक को प्रतिलिपि पेश गर्नुपर्छ।

ध्रुव प्रसाद शर्मा
कार्यकारी समिति सदस्य
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
९८५११६५०००

यो अङ्कमा समेटिएका सवाल जिल्लामा रहेका स्वयं सेवकहरु र जिल्लामा कार्यरत विभिन्न संघसंस्थाका प्रतिनिधीबाट प्राप्त भएका हुन्। पौष २३ गतेदेखि २९ गतेसम्म ६ जिल्लाका करिव ५५० जना स्थानीयबासीसँग कुराकानी गरी तयार पारेका टिप्पणीहरु यो बुलेटिनको सूचनाका प्रमूख स्रोत हुन्। विषयको महत्व र सान्दर्भिकतालाई ध्यान दिएर हल्ला तथा सवालहरु छनोट गरिएका छन्। यो अंकमा समेटिएमा जानकारी बुलेटिन प्रकाशित भएको मितिसम्म सत्य छन्।

OPEN MIC NEPAL प्रस्तुत गर्ने संस्थाहरू

accountabilitylab · Local Interventions Group data-driven development · Internews